जिल्ला स्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्रको मिति २०७७।५।२ को बैठकको निर्णयानुसार मिति २०७७।५।३ गते देखि ऐ. १० गतेसम्म अर्घाखाँची जिल्ला भर वन्दावन्दी गर्ने भनी जिल्ला प्रशासन कार्यालय,अर्घाखाँचीबाट प्रकाशित सूचना बमोजिम आज मिति २०७७ साल भदौ ३ गते यस अदालतका माननीय जिल्ला न्यायाधीश श्री वासुदेव न्यौपानेज्यूको अध्यक्षतामा देहायका व्यक्तिहरुको उपस्थितिमा बैठक वसी देहायका निर्णयहरु गरियो ।

| क्र.सं. | पद | नाम, थर | सही |
|---|---|---|---|
| १ | माननीय जिल्ला न्यायाधीश | श्री वासुदेव न्यौपाने | |
| २ | स्रेस्तेदार (उप-सचिव) | श्री महेश खनाल | |
| ३ | सहायक जि.न्या.व. | श्री हरिप्रसाद घिमिरे | |
| ४ | तहसिलदार (शा.अ.) | श्री अनन्तराज मारासिनी | |
| ५ | अध्यक्ष, वार इकाई | श्री विजय खत्री | |
| ६ | वैतनिक अधिवक्ता | श्री जगन्नाथ भुसाल | |

निर्णयहरु

१. मिति २०७७।५।३ देखि मिति २०७७।५।१० सम्मको वन्दावन्दीको अवधिलाई शुन्य समय मान्ने ।

२. यो वन्दावन्दीको समयमा देहायका सेवा मात्र उपलब्ध गराउने:

क. मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १५५ बमोजिमका निवेदनहरु,

ख. सरकारवादी फौजदारी मुद्दाहरुमा जरुरी पक्राउ पूर्जीको अनुमति, समर्थन, म्याद थप, अभियोगपत्र दर्ता, बयान र थुनछेक सम्बन्धी कार्य,

ग. वन्दीप्रत्यक्षीकरणका निवेदनहरु,

घ. यस अदालतमा दर्ता भई चालू अवस्थामा रहेका मुद्दाहरुको मिलापत्र सम्बन्धी,

ङ. यस अदालतमा दर्ता भई चालू अवस्थामा रहेका मुद्दा फिर्ता सम्बन्धी,

च. अर्धन्यायिक निकायले गरेका आदेश उपर मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिम परेका निवेदन,

छ. घरेलु हिंसा र यौन दुर्व्यवहार सम्वन्धी मुद्दा दर्ता,

ज. अधिकृत वारेसनामा ।